## सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०७८-०७९ को वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा आयोगका माननीय अध्यक्ष तप बहादुर मगरज्यूले प्रस्तुत गर्नुभएको मन्तव्य

**सम्माननीय राष्ट्रपतिज्यू,**

राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०७८-०७९ को वार्षिक प्रतिवेदन पेश गर्न अमूल्य समय उपलब्ध गराइदिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको तर्फबाट म हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

**सम्माननीयज्यू,**

मानव अधिकारको संरक्षण, सम्बर्धन र यसको सुनिश्चित कार्यान्वयनको लागि कार्य गर्नु नेपालको संविधानको धारा २४९ बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो । नेपालको संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफुले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुरूप आयोगले वर्षेनी प्रतिवेदन पेश गर्दै आएको छ ।

यस आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदनमा खासगरी वर्षभरी यस आयोगमा दर्ता भएका उजूरी, उजूरीउपर गरिएका छानविन, अनुसन्धान, अनुगमन, नेपाल सरकारलाई गरिएका सिफारिस लगायतका विवरणहरु समावेश गरिएका छन् । मुलुकको समग्र मानव अधिकार अवस्था, प्रदेशगत मानव अधिकार अवस्था र आयोगबाट सम्पादित कामकारवाहीहरुलाई समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै आयोगको उपलब्धी, चुनौति तथा मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि आयोगले चाल्ने भावी कदमहरू लगायतका विषयवस्तुहरु पनि यस प्रतिवेदनमा समेटिएका छन् ।

यस प्रतिवेदन अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन भएको भनी जम्मा १०१ उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २२१ पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी ५०३ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ ।

आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा ४१४ उजुरीमाथि निर्णय भएको छ, जसमा ६ वटा नीतिगत सिफारिसहरु रहेका छन् । उजुरीको प्रभावकारी व्यवस्थापनको लागि Complaint Management and Reporting System (CMRS) मार्फत आधुनिक प्रविधिलाई आत्मसात गरिएको छ । यसबाट उजुरीकर्ता तथा पीडितहरुले आयोगमा दर्ता गरेका मानव अधिकार उल्लङ्नका उजुरीउपर भए गरेको कारवाहीको अवस्था सरल तथा सहज तवरले जानकारी पाउन र उजुरी संयन्त्रको प्रभावकारिता अभिबृद्धि तथा अभिलेखिकरणलाई व्यवस्थित बनाउन मद्दत पुग्ने विश्वास गरेको छु ।

**सम्माननीयज्यू,**

यस वर्ष सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचन, २०७९ को आयोगले ७७ वटै जिल्लामा अनुगमन गरेको थियो । अनुगमन टोलीले निर्वाचनपूर्वको अवस्था, निर्वाचनको दिन र निर्वाचनपश्चातको अवस्था गरी तीनै चरणमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरेको थियो ।

संविधान, ऐन, कानून र विधि बमोजिम मानव अधिकारको संरक्षण, सम्बर्धन र त्यसको परिपूर्ति गर्न आयोगले छैठौँ रणनीतिक योजना (२०२१–२०२६) को तर्जुमा गरी त्यसलाई कार्यान्वयनमा ल्याएको छ । **जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र सम्वृद्धिको आधार** भन्ने उक्त रणनीतिक योजनाको मूल ध्येयलाई साकार पार्न आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका विषयहरु, लैङ्गिक समानताका सवालहरु, अल्पसंख्यक, लोपोन्मूख, सिमान्तकृत र पछाडि पारिएका वर्गहरुको हक अधिकारका सवालहरुलाई प्राथमिकता दिई मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका विभिन्न कार्यहरु सम्पादन गर्दै आएको छ ।

यस अवधिमा मानव अधिकार सम्वर्द्धनसम्बन्धी जम्मा १७१ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । नेपालको विश्वव्यापी आवधिक समीक्ष (युपीआर) तेस्रोचक्र उपर मानव अधिकार परिषद्बाट नेपाल सरकारलाई प्राप्त भएका सुझावहरु कार्यान्वयनका लागि सबै प्रदेश तथा राष्ट्रियस्तरमा कार्यशाला गोष्ठीहरुको आयोजना भएका छन् र उक्त सुझावहरुको कार्यान्वयनको लागि अनुगमन कार्ययोजना समेत तर्जूमा भएको छ । मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको लागि मानव अधिकार सचेतना र वकालत सम्बन्धी कार्यशाला र अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएका छन् । यसले मानव अधिकार सम्वर्द्धनमा टेवा पुग्न गएको छ । त्यस्तै विषयगत रुपमा व्यवसाय र मानव अधिकार, वातावरण र मानव अधिकार, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा आयोगले कार्य गर्दै आएको छ ।

यस अवधिमा आयोगबाट नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका क्षेत्रहरुमा विशषेगरी महिला, बालबालिका, जातीय विभेद, आप्रसवासी कामदारको अधिकार, सङ्क्रमणकालीन न्यायलगायतका विषयसँग सम्बन्धित २४ वटा प्रेस-विज्ञप्ति र ६ ओटा  प्रेस नोट जारी भएका छन् ।

आप्रवासी कामदारको अधिकारको संरक्षण र संवर्धन गर्ने कार्यमा आयोग क्रियाशील रहेको छ । यस वर्ष आयोगको अध्यक्षको नेतृत्वमा मलेशिया भ्रमण गरी त्यहाँ रहेका नेपाली आप्रवासी कामदारहरुको मानव अधिकारको अवस्था सम्बन्धमा अनुगमन भएको छ । सो भ्रमणको क्रममा मलेशियाको मानव अधिकार आयोगसँग समझदारीपत्रमा हस्ताक्षर समेत भएको छ । यसै गरी आयोगको अर्को उच्च स्तरीय टोलीबाट फिलिपिन्सको मानव अधिकार आयोगको भ्रमण भएको छ । विपद् व्यवस्थापन, आप्रवासी कामदार, व्यापार र मानव अधिकार, उजुरी व्यवस्थापन, संचार रणनीति लगायतका विषयहरुमा अनुभव आदानप्रदान गरिएको थियो ।

मानव अधिकार रक्षकको मर्यादा, सुरक्षा र पहिचानको लागि यस अवधिमा सातै प्रदेशमा मानव अधिकार रक्षकहरुको प्रादेशिक सम्मेलन र राष्ट्रिय सम्मेलन सम्पन्न भएका थिए । आयोगबाट तयार गरिएको मानव अधिकार रक्षक सम्बन्धी विधेयकको मस्यौदा उपर  उक्त सम्मेलनमा वृहत छलफल गरिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक काम कर्तव्यलाई प्रभावकारी बनाउन र मानव अधिकार संस्कृतिको वातावरण निर्माण गर्न आयोगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ । यसै सिलसिलामा आयोगले सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारहरू, मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरू, सरकारी निकायहरु, गैससहरु, नागरिक समाज, व्यावसायिक सङ्घसंस्थाहरू र अन्तर्राष्ट्रिय दातृ निकायहरुसँग पनि निरन्तर समन्वय र सहकार्य गर्दै आइरहेको छ ।

**सम्माननीयज्यू,**

उल्लिखित उपलब्धीका बाजजुद् पनि मानव अधिकारको संरक्षण र सम्बर्धन गर्ने कार्यमा केही चुनौतीहरू रहेका छन् । नेपालको संविधानले परिकल्पना गरेबमोजिम समानुपातिक र समावेशी सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्दै संविधानको मर्म र भावना अनुसारको मानव अधिकार उपभोगको वातावरण  बनाउन, लक्षित तथा सिमान्तकृत वर्गको मानव

अधिकारको सुनिश्चित गर्ने गराउने कार्यमा उपलब्धिहरु हासिल गर्न राज्यका सबै अङ्ग परिचालित हुनु पर्ने अवस्था छ ।

मौलिक हकको कार्यान्वयनमा चुनौतिहरू रहेका छन् । आयोगले नेपाल सरकार समक्ष गरेका सिफारिसहरूको कार्यान्वयन  अवस्था उत्साहजनक छैन । राष्ट्रिय मानव अधिकार आयोग ऐन , २०६८ नेपालको संविधान अनुकूल हुनेगरी संशोधन हुन सकेको छैन । पेरिस सिद्धान्तको मर्म अनुरूप आयोगको आर्थिक स्वायत्तता सुनिश्चित हुन नसकेको अवस्था छ । यी चुनौतिहरूको बावजुद पनि आयोग आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न पूर्ण रूपमा प्रतिबद्ध छ ।

**सम्माननीयज्यू,**

अन्त्यमा, सम्माननीय राष्ट्रपतिज्यू र राष्ट्रपतिको कार्यालयबाट विगतदेखि नै आयोगलाई प्राप्त सद्भाव, सहयोग र समर्थनप्रति आयोगको तर्फबाट सम्माननीयज्यू समक्ष आभार प्रकट गर्दछु । आगामि दिनहरुमा पनि यस किसिमको विशेष सहयोग सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त हुने विश्वास गर्दै आफ्नो भनाई अन्त्य गर्दछु ।

२१ मङ्सिर, २०७९

तप बहादुर मगर

अध्यक्ष